आज मिति २०७५।०४।२३ गतेका दिन यस चौदण्डीगढी नगरपालिका नगर प्रमुख श्री खगेन्द्र राई ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बोर्ड बैठक बासियो।

तपसिल, उपस्थिति

१. श्री खगेन्द्र राई - नगर प्रमुख
२. श्री रिता कुमारी चौधरी - उप. प्रमुख
३. श्री रोहितमान तामाङ्ग - अध्यक्ष वडा नं. १
४. श्री सन्तोष सुवेदी - ,, ,, २
५. श्री पर्शुराम राई - ,, ,, ३
६. श्री चरण कुमार राई - ,, ,, ४
७. श्री देवनारायण चौधरी - ,, ,, ५
८. श्री कमलध्वज राई - ,, ,, ६
९. श्री तेजराज तिम्सिना - ,, ,, ७
१०. श्री श्याम बहादुर मगर - ,, ,, ८
११. श्री प्रकाश राउत - ,, ,, ९
१२. श्री रामकुमार खड्का - ,, ,, १०
१३. श्री देवि कार्की - न.का.स.
१४. श्री जानुका कमर - न.का.स.
१५. श्री मदन कुमारी कार्की - ,,
१६. श्री बिमला राई - ,,
१७. श्री डोमा शेर्पा - ,,
१८. श्री अस्मिता नेपाली - ,,
१९. श्री प्रमिला दनुवार - ,,
२०. श्री सुन्दर प्रकाश साह - ,,

प्रस्तावहरु

१. लागित समितिहरु गठन सम्बन्धमा।
२. आर्थिक सहयोग सम्बन्धमा।
३. आदिवासी जनजातिको माग सम्बन्धमा।
४. ज्योति जनता बहुमुखी क्याम्पसको सम्बन्धमा।
५. ने.पा.को स्थानीय न्यूनतम दररेट अध्ययनको लागि वडा पठाउनेबारे:

६, सार्वजनिक सुनुवाइ सम्बन्धमा ।

७, खेलकुद समिति सम्बन्धमा ।

८, नाउ संचालन सम्बन्धमा ।

## छलफल तथा निर्णयहरु

**नि.नं.१** प्रस्ताव नम्बर १माथि छलफल गर्दा स्थानीय तह निर्वाचन (परिचालन) कार्यविधि २०७४ बमोजिम नगर कार्यपालिकाको निर्वाचन प्रक्रियामा विभिन्न लक्षित क्षेत्र समुदायहरु प्रतिनिधित्व बाट गठन भएको हुँदा यस नपा. बाट लक्षित क्षेत्रको विकास तर्फ विनियोजित रकमको परिचालन, अनुगमन निरीक्षण लगायत कार्य गर्न कार्यपालिकामा प्रतिनिधित्व गर्ने सम्बन्धित लक्षित सदस्य ज्यूहरुको संयोजकत्वमा वडा समितिका अध्यक्षहरु सदस्य रहने गरी नगर स्तरीय समिति गठन गर्ने निर्णय गरियो ।

~~नि.नं.२~~ तपसिल

| लक्षित समूह | | संयोजक |
|---|---|---|
| महिला | – | श्री देवी कार्की |
| आदिवासी जनजाती | – | श्री बिमला राई |
| दलित | – | श्री अस्मिता नेपाली |
| बालबालिका | – | श्री सर्मिला राई |
| अपाङ्ग | – | श्री प्रमिला देवान |
| जेष्ठ नागरिक | – | श्री |
| पिछडा वर्ग | – | श्री सुन्दर प्रकाश साह |

**नि.नं.२** प्रस्तावनम्बर २ माथि छलफल गर्दा यस न.पा.को वडा नम्बर १ बस्ने श्याम कुमार कार्की ~~को~~को माग निवेदन अनुसार निजको कलेज खुट्टा लगाउनको लागि आर्थिक सहयोग बापत रु. १,००,०००।- अक्षरेपी एक लाख मात्र उपलब्ध गराउने निर्णय गरियो ।

**नि.नं.३** प्रस्ताव नम्बर ३ माथि छलफल गर्दा मिति २०७२।४।२४ गते आदिवासी जनजाति दिवसको दिन नगर स्तरीय आ.ज.समितिद्वारा आयोजित कार्यक्रमको लागि रु.१००,०००।-

रकम उपलब्ध गराउने निर्णय गरियो ।

नि.नं.४ प्रस्ताव नम्बर ४ माथि छलफल गर्दा ज्योति जनता बहुमुखी क्याम्पस तथा कालिका माविको लिवौनीको भवन निर्माण, घेरावेरा लगायत कार्यको लागी - ६ नम्बर वडा कार्यालयको सिफारिस तथा समितिको निर्णय बमोजिम आवश्यक ~~का~~ व्यवस्थाको लागि प्रदेश तथा संघीय सरकारमा सिफारिस सहित माग गर्ने निर्णय गरियो ।

नि.नं.५ प्रस्ताव नम्बर ५ माथि छलफल गर्दा न.पा.ले तयार गरेको स्थानीय न्यूनतम दररेट अध्ययन गरी अर्को बैठकमा सुझाव सहित पारित गर्ने कार्यको लागी सबै वडामा पठाउने निर्णय गरियो ।

नि.नं.६ प्रस्ताव नम्बर ६ माथि छलफल गर्दा नगरको समग्र खेलकुद विकास सम्बन्धी कार्य गर्नको लागि नगर स्तरीय खेलकुद विकास समिति गठन गर्ने र उक्त समितिको संयोजकमा न.पा.को वडा नम्बर ६ बस्ने शशीचन्द्र राईलाई तोक्ने निर्णय गरियो ।

नि.नं.७ प्रस्ताव नम्बर ७ माथि छलफल गर्दा यस न.पा.को वडा नं. २ सिवाईघाटमा चल्ने नाउँ संचालक विष्णुदेव चौधरीलाई वर्षायाम भरी पुरा समय नाउ संचालन गर्ने शर्तको लागि ज्याला स्वरुप रकमरु रु.१००,०००/- एक लाख उपलब्ध गराउने निर्णय गरियो । साथै निजले उक्त घाट बाट तर्ने सबै मानिसलाई निशुल्क तार्नुपर्ने र प्रति मोटर साइकल तारेको रु. २० र साइकलको रु. १० लिई निजले नै खर्च गर्ने ~~नि~~ निर्णय गरियो ।